"समुन्नत, सुरक्षित र वातावरण मैत्री सुन्दर शहरः सुशासनयुक्त पर्यटकीय र समृद्ध तिलोत्तमा नगर"

# तिलोत्तमा नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

"अन्तर्राष्ट्रिय ... ९००१:२०१५ नगरपालिका"

प.सं.
च.नं.

## कवाडी मालवस्त निकासी कर उठाउने कार्यको बोलपत्र आह्वान सम्बन्धी १५ दिने सूचना

दोस्रो पटक सूचना प्रकाशित मिति : २०८२/०६/०७

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ५९ तथा तिलोत्तमा नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७६ को परिच्छेद १२ बमोजिम दुई आर्थिक बर्षका (२०८२/०८३ को बाँकी अवधि र ०८३/०८४) का लागि कवाडी मालवस्तु निकासी कर उठाउने कार्यको ठेक्का प्रकृयाबाट वन्दोवस्ति गर्नुपर्ने भएको हुँदा देहायको शर्तको अधिनमा रही कार्य गर्न ईच्छुक फर्मबाट बोलपत्र आह्वान गरिन्छ।

**शर्तहरु**

१ निवेदन साथ एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको आन्तरिक आय खाता नं.1052055499599012 मा रु.३०००।- (फिर्ता नहुने गरि) जम्मा गरेको नगदी रसिद वा सक्कलै भौचर, फर्म दर्ताको प्रमाणपत्र, आ.व.२०८०/०८१ को आयकर चुक्ता प्रमाणपत्र संलग्न राखी यो सूचना प्रकाशन भएको मितिले १५ औं दिनको कार्यालय समय सम्म यस कार्यालयको राजस्व शाखाबाट बोलपत्र फाराम लिन गर्न सकिनेछ।

२ मू.अ.कर बाहेकको न्युनतम अंक देहाय बमोजिम रहेको छ। बोलपत्र दाखिला गर्दा आँफुले बुझाउन कबोल रकम अंक र अक्षर दुवैमा स्पष्ट बुझिने गरी उल्लेख गर्नु पर्नेछ। अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईने छ।

विवरण

| ठेक्का नं. | कामको विवरण | न्युनतम अंक रु. (मू.अ. कर बाहेक) | धरौटी रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|
| आय-०१।२०८२।०८३ | आ.व.२०८२/०८३ को बाँकी अवधि र ०८३/०८४) का लागि कवाडी मालवस्तु निकासी कर उठाउने कार्य | ५५,००,०००।०० | मू.अ. कर सहितको कबोल रकमको ५% ले हूने रकम | ३,०००।०० |

३ बोलपत्रसाथ आँफुले कबोल गरेको अंकमा मू.अ.कर जोडी हुन आउने रकमको ५% ले हुने धरौटी रकम यस कार्यालयको एनआईसी एशिया बैंक मणिग्राम शाखामा रहेको धरौटी खाता नं.A5CA549959952403 मा जम्मा गरेको सक्कलै भौचर वा ९० दिनको म्याद भएको बैंक जमानत संलग्न गर्नुपर्नेछ।

४ पत्रिकामा सूचना प्रकाशन भएको मितिले १६ औं दिन दिनको १२.०० बजेभित्र यस कार्यालयमा बोलपत्र दर्ता गराईसक्नु पर्नेछ। सोही दिनको २.०० बजे यसै कार्यालयमा बोलपत्रदाता वा प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिने छ। प्रतिनिधि उपस्थित नभएमा नियमानुसार सोही समयमा खोल्न वाधा पर्नेछैन।

५ बोलपत्र दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट दर्ता गर्न सकिनेछ। कार्यालयबाट प्रमाणित नभएको, रीत नपुगेको र म्याद नाघी आएको बोलपत्र उपर कुनै कार्यवाही गरिने छैन।

६ आँफुले कबोल रकम ठेक्का सम्झौताका बखत एकमुष्ठ रुपमा बुझाएमा १०% छुट दिन दिईनेछ। यस्तो छुट दिँदा दाखिला गर्ने रकम न्युनतम अंक भन्दा घटी हुनेगरि दिईनेछैन। कबोल रकम किस्ताको रुपमा दाखिला गर्न चाहेमा २५% ले हुन आउने रकम ठेक्का सम्झौताका बखत दाखिला गर्नुपर्नेछ। बांकी रकमका लागि नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त वाणिज्य बैंकको ०८३ चैत्र मसान्त सम्म म्याद भएको बैंक जमानत पेश गर्नुपर्नेछ। दाखिला गर्न बांकी रकम मध्ये दोस्रो २५% किस्ता रकम २०८२ फागुन मसान्त, तेस्रो २५% किस्ता रकम ०८३ श्रावण मसान्त र अन्तिम २५% किस्ता रकम ०८३ फागुन मसान्त भित्र दाखिला गर्नुपर्नेछ।

७ न्युनतम अंकमा मू.अ.कर र अन्य करहरु समावेश गरिएको छैन । ठेक्का लिने पक्षले ठेक्का सम्झौताका बखत कबोल अंकको १.५%ले हुने अग्रिम आयकर बापतको रकम एकमुष्ठ रुपमा र हरेक किस्ता रकम बुझाउँदा १३% ले हुने मू.अ.कर बापतको रकम आन्तरिक राजस्व कार्यालयमा बुझाउनु पर्नेछ ।

८ ठेक्का अवधि २०८४ आषाढ मसान्त सम्म हुनेछ । तर सम्झौताका शर्त उल्लंघन भएमा कार्यालयले विचैमा ठेक्का तोड्न पनि सक्नेछ । यसरी ठेक्का तोडिएमा सो अवधि सम्मको बुझाउनु पर्ने दायित्वबाट उन्मुक्ति पाईने छैन । सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

९ बन्द, हडताल जस्ता कारण जनाई कुनै प्रकारका छुट वा मिनाहा दावी गर्न पाईने छैन । तर काबु बाहिरको परिस्थिति परि राजस्व असुली हुन नसकेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

१० करको दररेट सम्झौतासाथ उपलब्ध गराईनेछ । कर संकलन गर्दा उक्त दरमा १३% ले थप गरि संकलन गर्नुपर्नेछ ।

११ कवाड मालवस्तु निकासी कर संकलन गर्दा कवाड संकलन केन्द्रबाटै संकलन गर्नुपर्नेछ । राजमार्ग वा सहायक मार्गमा तगारो राखी कर असुल गर्न पाईने छैन ।

१२ नगरपालिकाले अनुमति दिएका फोहरमैला संकलन/प्रशोधन एवं व्यवस्थापन केन्द्रले संकलन बिक्री गर्ने कवाडी सामानमा यो कर लगाउन पाईनेछैन ।

१३ बोलपत्रदाताले कवाड मालवस्तु निकासी करको दररेट उल्लेख गरेको होडिङबोर्ड तयार गरी सबैले देख्ने गरी संकलन केन्द्रमा जडान गर्नपर्नेछ ।

१४ यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित कानून वमोजिम हुनेछ । थप जानकारी आवश्यक परेमा कार्यालय समय भित्र आर्थिक प्रशासन शाखा तथा राजस्व शाखामा सम्पर्क राख्न सकिनेछ ।

खुमलाल भुसाल
प्रमुख प्रशासकीय अधिकृत